मिति २०८१।११।११ मा बन्दीपुर गाँउपालिकाको आ. व. २०८१/०८२ को १३औ कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री सुरेन्द्र बहादुर थापाको अध्यक्षता एवम् तपशिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारका एजेन्डा माथि छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

तपशिलः

| क. स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुंवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | यादवराज आचार्य | सदस्य- सचिव | |

एजेन्डाहरू

| |
|---|
| १. अघिल्लो बैठकको समीक्षा |
| २. समपुरक र विशेष योजनाप्रस्ताव माग सम्बन्धमा |
| ३. औद्योगिक ग्रामको IEE को प्रस्तुतीकरण |
| ४. विविध |

CamScanner

## मिति २०८१।११।११ को कार्यपालिका बैठकका निर्णयहरू

| निर्णय संख्या | निर्णयसंग सम्बन्धित शाखा | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | प्रशासन | अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु उपर छलफल गरी समीक्षा गरियो । |
| २. | प्रशासन | प्रत्येक वर्ष फागुन १५ लाई मगर दिवसको रुपमा मनाइदै आएको सन्दर्भलाई मध्येनजर राख्दै यस वर्ष पनि सो दिवस मनाउन फागुन १५ गते स्थानीय विदा दिने निर्णय गरियो । |
| ३. | प्राविधिक शाखा | बन्दीपुर गाउँपालिका अन्तर्गत वडा नं. २ र ३ मा विभिन्न समयमा विभिन्न स्थानमा सडक मर्मत कार्य सम्पन्न भएको अवस्थामा उक्त मर्मत कार्य हुंदा भएको खर्चको विल भरपाईका आधारमा सडक मर्मत शीर्षकबाट खर्च हुनेगरी वडा नं २ को लागि ३५ हजार तथा वडा नं. ३ का लागि रु १५ हजार रकम विनियोजन गर्ने निर्णय गरियो । |
| ४. | प्राविधिक शाखा | यस बन्दीपुर गाउँपालिका र श्री खड्गदेवी कन्स्ट्रक्सन, बन्दीपुर- ०४, तनहुँ बीच विभिन्न मितिमा सम्झौता भएका ठेक्काहरु (ठेक्का नं. BRM/11/2076/077 र WOB/27/2075/076) को यस कार्यालयको सिफारिसमा मिति २०८१/११/०५ गतेको सर्वजनिक खरिद अनुगमन कार्यालय, केसर महल, काठमाडौं बाट १ (एक) वर्षको लागि निज फर्मलाई कालोसूचीमा राख्ने निर्णय भएकोले उक्त ठेक्काहरुको सम्झौताको General Condition Of Contract, Clause 60.1 बमोजिम हालसम्म उक्त फर्मले गरेको निर्माण कार्यको मूल्यांकन भई सोहि मूल्यांकन अनुसारको Running Bill लगिसकेको हुंदा उक्त फर्मले लागेको अग्रिम पेश्की र सम्झौताको Special Condition Of Contract बमोजिम सम्झौता अनुसार निर्माण कार्य हुन बाँकी रहेको कार्यको 25% ले हुन आउने रकमलाई सरकारी बक्यौता सरह असुल गर्नको लागि निज फर्मलाई पत्राचार गर्ने, साथै सम्झौताको General Condition Of Contract Clause 61.1 बमोजिम फिल्डमा भएको Property लाई जफत गर्ने र हाललाई तत्काल यस कार्यालयमा उक्त योजनाहरुको लागि खर्च नभएको संचित बजेटबाट निर्माण हुन बाँकी रहेको निर्माण कार्यको पुन: लागत अनुमान तयार गरी नयाँ ठेक्का सूचना आव्हान गर्ने निर्णय गरियो । |
| ५. | प्राविधिक शाखा | बन्दीपुर गाउँपालिका वडा नं. १, रिमालनी भुँडाटार स्थीत औधोगिक ग्राम निर्माणको लागि सम्झौता बमोजिम इम्मोर्टल इन्जिनीयरिङ कन्सल्टेन्सी प्राइभेट लिमिटेड, पोखरा-१९, कास्कीले पेश गरेको औधोगिकग्राम प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) स्वीकृत गरी औधोगिक ग्राम निर्माणको लागि लागत |

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner

मिति २०८१।११।११ को कार्यपालिका बैठकका निर्णयहरू

<table>
<tr>
<td>६.</td>
<td>प्राविधिक शाखा</td>
<td>संघीय विशेष तथा समपुरक अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/८३ वा आर्थिक वर्ष २०८२/८३ लगायत अन्य आ.व. मा संचालन गर्ने गरि तपशिल आयोजनाहरुको निम्नलिखित विवरण उल्लेख हुने गरि विधुतीय मध्यमबाट राष्ट्रिय योजना आयोगमा प्रस्ताव माग गर्ने निर्णय गरियो ।</td>
</tr>
<tr>
<td></td>
<td></td>
<td></td>
</tr>
<tr>
<td>७.</td>
<td>प्राविधिक शाखा</td>
<td>प्रदेश विशेष तथा समपुरक अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/८३ वा आर्थिक वर्ष २०८२/८३ लगायत अन्य आ.व. मा संचालन गर्ने गरि तपशिल बमोजिमको प्राथमिकताका आधारमा आयोजनाहरुलाई गण्डकी प्रदेश प्रस्ताव माग गर्ने निर्णय गरियो|<br>
क. समपुरक अनुदान तर्फ<br>
१. बोकेखोला – लोहीपाखा सडक वडा नं. ४<br>
२. वेलभञ्ज्याङ बानियाटार सडक वडा नं. १<br>
३. फलाम डाँडा-डेल डाँडा सडक वडा नं. ५<br>
ख. विशेष अनुदान तर्फ<br>
१. भुडाटार खानेपानी<br>
२. हुस्लाङ खानेपानी<br>
३. खहरे वट्टार खानेपानी<br>
साथै तपशिल बमोजिमका अन्य योजनाहरुलाई पनि प्रस्ताव माग गर्ने निर्णय गरियो।<br>
तपशिलः<br>
१. भुत्याई पर्यटन क्षेत्र- २ करोड<br>
२. नाहाला – चुदी खोला तटबन्धन बन्दीपुर -१ – २ करोड<br>
३. भुडाटार खानेपानी फिल्टर – २ करोड<br>
४. पिपले खेलमैदान हुँदै कौसिकी छाप चेपाङ्ग गाउँ मार्ग – ३ करोड<br>
५. बाखा फारम देखी रामकोट जाने मार्ग – ३ करोड<br>
६. प्युघर शिखरडाँडा मार्ग – २ करोड</td>
</tr>
<tr>
<td>८.</td>
<td>प्राविधिक शाखा</td>
<td>निम्न ठेक्काहरूको तपशिल अनुसार म्याद थप गर्ने निर्णय गरियो ।
<table>
<tr><td>सि.नं.</td><td>ठेक्काको नाम</td><td>कायम म्याद</td><td>थप गरिएको म्याद</td></tr>
<tr><td>१.</td><td>Upgrading of Bandipur Inner Ring Road(BRM/NCB/WORKS/06/2</td><td>२०८१।९।१५</td><td>२०८१।१२।१०</td></tr>
</table></td>
</tr>
</table>

बन्दिपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बन्दिपुर, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

...राज आचार्य प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा अध्यक्ष

CamScanner

मिति २०८१।११।११ को कार्यपालिका बैठकका निर्णयहरू

| | | | | | |
|---|---|---|---|---|---|
| | | | 080-081) | | |
| | | २. | Reactive Maintenance Works from Bandipur Police Check Post to Hospital Road Section(BRM/NCB/WORKS/07/2080-081) | २०८१/०९/२९ | २०८१/१२/१० |
| ९. | विविध | १. नेपाल कराते महासंघ नेपाल सितोरियो कराँते एसोसियसन तनहुँलाई गण्डकी स्तरीय कराँते प्रतियोगिताको लागि अध्यक्ष कप तथा अन्य खेलकुद शीर्षकबाट रू २० हजार विनियोजन गर्ने निर्णय गरियो ।<br><br>२. **KP OLI Cup Football Championship** खेलकुद कार्यक्रमका लागि अध्यक्ष कप तथा अन्य खेलकुद शीर्षकबाट रू २० हजार विनियोजन गर्ने निर्णय गरियो ।<br><br>३. बन्दीपुर वडा नं. २ मा तालपार्क निर्माण गर्ने प्रयोजनका लागि शहरी विकास तथा भवन निर्माण विभागबाट तयार पारिएको डि. पि.आर. बमोजिम निर्माण कार्य अगाडि बढाउन नयाँ शहर आयोजना कार्यालय डुम्रेलाई सहमति दिने निर्णय गरियो।<br><br>४. राष्ट्रिय साहित्य सम्मेलनका लागि हिउँदेसभाबाट विनियोजित बजेट अनुसारको कार्यक्रम सञ्चालन गर्न बन्दीपुरको साहित्य प्रवर्धनमा विगत लामो समयदेखि योगदान पुर्‍याउँदै आएको पद्म पुस्तकालय बन्दीपुरसँग सहकार्य गर्ने निर्णय गरियो ।<br><br>५. जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषणसमेतलाई सम्बोधन गरी LISA मा प्राप्त अंकलाई सार्वजनिक गर्ने निर्णय गरियो । | | | |

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश नेपाल

...दिवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

...बहादुर थापा
अध्यक्ष

CS CamScanner

मिति २०८१।११।११ को कार्यपालिका बैठकका निर्णयहरू

## ६.१. विशेष अनुदानको लागि (आयोजनाको प्राथमिकता क्रम अनुसार)

| क्र.सं. | आयोजनाको प्रमुख क्षेत्र | आयोजना प्रस्तावका क्षेत्रहरु | आयोजनाको नाम | आयोजनाको प्राथमिकीकरण | आयोजाना बाट लाभान्वित हुने कुल जनसंख्या | आयोजनको कुल लागत अनुमान | आयोजना संचालन हुने जम्मा आर्थिक वर्ष | नेपाल सरकारले बेहोर्नुपर्ने कुल रकम (४०%) | यस स्थानीय तहले व्यहोर्ने कुल रकम (६०%) | प्रत्येक आ.व. मा नेपाल सरकारले व्यहोर्नु पर्ने रकम | प्रत्येक आ.व. मा यस स्थानीय तहले व्यहोर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत खानेपानी तथा सरसफाई सुबिधाबाट बन्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदाय लक्षित गरी संचालन गरिने खनेपानी तथा सरसफाई | आधारभूत खानेपानी आपूर्ति। | भुजेलगाउँ लिफटिंग खानेपानी, बन्दीपुर-५, तनहुँ | १ | ४,०० जना | १ करोड | १ आर्थिक वर्ष | ४० लाख | ६० लाख | ४० लाख | ६० लाख | नयाँ आयोजना माग प्रस्ताव |
| २ | आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासका लागि लक्षित गरी संचालन गरिने उत्पादन र उत्पादकत्व वृद्धि एवंम् आयआर्जन तथा जीविकोपार्जन सुधार | कृषि उपकरण, कृषि उपज तथा अन्य स्थानीय उत्पादनको संकलन तथा विक्री केन्द्र स्थापना, बाली भण्डारण तथा क्षति नियन्त्रण, आदि। | कृषि उपज तथा अन्य स्थानीय उत्पादनको संकलन तथा बिक्री केन्द्र एवं कृषि हार्ट बजार , बन्दीपुर, तनहुँ। | २ | १८,५३२ जना | १ करोड | १ आर्थिक वर्ष | ४० लाख | ६० लाख | ४० लाख | ६० लाख | नयाँ आयोजना माग प्रस्ताव |
| ३ | लोपोन्मुख, विपन्न तथा सीमान्कृत समुदायका लागि नमुना आवास, एकीकृत वस्ती विकास तथा जोखिमयुक्त बस्ती स्थानान्तरण | विपन्न तथा तथा सीमान्कृत समुदायका लागि नमुना आवास तथा एकीकृत वस्ती विकास | गरिब तथा सीमान्कृत समुदायका लागि आवास तथा एकीकृत वस्ती विकास, बन्दीपुर, तनहुँ। | ३ | ५,००० जना | १ करोड | १ आर्थिक वर्ष | ४० लाख | ६० लाख | ४० लाख | ६० लाख | नयाँ आयोजना माग प्रस्ताव |

मिति २०८१।११।११ को कार्यपालिका बैठकका निर्णयहरू

बन्दिपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बन्दिपुर, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

६.२. समपुरक अनुदानको लागि (आयोजनाको प्राथमिकता क्रम अनुसार)।

| क्र.सं. | आयोजनाको प्रमुख क्षेत्र | आयोजना प्रस्तावका क्षेत्रहरु | आयोजनाको नाम | आयोजनाको प्राथमिकरण | आयोजाना बाट लाभान्वित हुने कुल जनसंख्या | आयोजनको कुल लागत अनुमान | आयोजना संचालन हुने जम्मा आर्थिक वर्ष | नेपाल सरकारले बेहोर्नुपर्ने कुल रकम (४०%) | यस स्थानीय तहले व्यहोर्ने कुल रकम (६०%) | प्रत्येक आ.व. मा नेपाल सरकारले व्यहोर्नु पर्ने रकम | प्रत्येक आ.व. मा यस स्थानीय तहले व्यहोर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सडक पूर्वाधार | स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र, औधोगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा प्रदेश लोकमार्ग र सो अन्तर्गतको सडक पुल। | सेराटार-सुकौरा-चिसापानी हुँदै हटिया जोड्ने सडक स्तोरुन्नती एवंम् कालोपत्रे, बन्दीपुर-३, तनहुँ। | १ | १२,००० जना | ७ करोड | २ आर्थिक वर्ष | २ करोड ८० लाख | ४ करोड २० लाख | १ करोड ४० लाख | २ करोड १० लाख | नयाँ आयोजना माग प्रस्ताव |
| २ | सडक पूर्वाधार | स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र, औधोगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा प्रदेश लोकमार्ग र सो अन्तर्गतको सडक पुल। | बन्दीपुर- धरमपानी-सारंगघाट सडक कालोपत्रे, बन्दीपुर, तनहुँ। | २ | १५,००० जना | ७ करोड | २ आर्थिक वर्ष | २ करोड ८० लाख | ४ करोड २० लाख | १ करोड ४० लाख | २ करोड १० लाख | नयाँ आयोजना माग प्रस्ताव |
| ३ | सडक पूर्वाधार | स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र, औधोगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा प्रदेश लोकमार्ग र सो अन्तर्गतको सडक पुल। | धारापानी-सिमलटार-कुवादी-कुकुर्दी मोटरमार्ग स्तारुन्नती, बन्दीपुर-२, तनहुँ। | ३ | ८,००० जना | २ करोड | २ आर्थिक वर्ष | ८० लाख | १ करोड २० लाख | ४० लाख | ६० लाख | नयाँ आयोजना माग प्रस्ताव |

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष